कार्यपालिका बैठक मिति : २०८३।०१।०९ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८३।०१।०४ गते।

मिति २०८३।०१।०९ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. निर्णय समिक्षा सम्बन्धमा।
२. ईलाका प्रहरी कार्यालय स्थापना सम्बन्धमा।
३. विपद राहत सम्बन्धमा।
४. चुमनुब्री गाउँपालिका अवकाश कोष सम्बन्धी कार्यविधि २०८३ सम्बन्धमा।
५. खाता सञ्चालन सम्बन्धमा।
६. उपचार खर्च सम्बन्धमा।
७. बुद्ध आधारभूत विद्यालय हिमाली छात्रावास कोटा सम्बन्धमा।
८. योजना माग सम्बन्धमा।
९. सिमा स्तम्भ सम्बन्धमा।
१०. प्रहरी चौकीमा ईन्टरनेट व्यवस्थापन सम्बन्धमा।
११. सिर्दिवास छेकम्पार ङुईला भञ्ज्याङ मोटरबाटो निर्माण सम्बन्धमा।
१२. निषेधित क्षेत्र तथा स्पेसल परमिट सम्बन्धमा।
१३. सिर्दिवास उहिया साना जलविद्युत उपभोक्ता समितिलाई पब्लिक कम्पनीमा लैजाने सम्बन्धमा।
१४. जग्गा वर्गिकरण सम्बन्धमा।
१५. नगर सडक समन्वय समिति गठन सम्बन्धमा।
१६. सल्लेरी सामुदायिक भवनको मुअब्जा सम्बन्धमा।
१७. ईलाका प्रशासन कार्यालय सिर्दिवासको सेवा सम्बन्धमा।
१८. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८२।८३ मा गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।
२. चुमनुब्री गाउँपालिका भित्र वर्षेनी २० हजार भन्दा बढि पर्यटक आवागमन गर्ने, मित्र राष्ट्र चिनसँग रहेको खुला सिमाना र सो बाट सिर्जना हुन सक्ने चुनौती, पछिल्लो समय बढ्दो अपराधिक घटना सँख्या र मुद्दा चल्ने प्रहरी कार्यालयबाट रहेको दुरीलाई मध्येनजर गर्दै स्थानीयस्तरमा शान्ती, सुव्यवस्था कायम गर्न वडा नं ३ स्थित रहेको प्रहरी चौकी सिर्दिवासलाई स्तरोन्नती गरी ईलाका प्रहरी कार्यालय, सिर्दिवास स्थापना गर्ने व्यवस्थाका लागि जिल्ला सुरक्षा समिति गोरखालाई अनुरोध गर्ने।
३. चुमनुब्री गाउँपालिकाका विभिन्न स्थानमा भएका तपसिलका विपद् घटनाबाट प्रभावित घरधनीहरूलाई वडा कार्यालयबाट प्राप्त वडा सिफारिस, प्रहरी मुचुल्का, प्राविधिक स्थालगत मूल्यांकन प्रतिवेदन, फोटोहरू, पिडितको निवेदनको आधारमा चुमनुब्री गाउँ कार्यपालिका बैठकको मिति २०८१।०९।०५ गतेको निर्णय नं ५ अनुसार विपदबाट पूर्ण रूपमा घर क्षती भएमा क्षतिको प्राविधिक मूल्यांकनको

निर्णय प्रमाणित

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
कार्यपालिकाको कार्यालय
सिर्दिवास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

आधारमा प्रकोप व्यवस्थापन कोषबाट रू २५ हजार देखी १ लाख सम्म राहत रकम वितरण गर्ने तथा विपदबाट चुमनुब्री गाउँपालिका निवासी कसैको ज्यानको गएमा निजको परिवारलाई प्रति मृतक रू १ लाख रकम राहत स्वरूप उपलब्ध गराउने निर्णय भए बमोजिम राहत स्वरूप तपसिल बमोजिमका लाभग्राहीहरूलाई प्रकोप व्यवस्थापन कोषबाट रकम बैंक खातामा भुक्तानी दिने ।

| सि नं | विपद्को किसिम | विपद् भएको मिति | पिडितको नामथर (घरमुली) | स्थान | प्राविधिक मूल्यांकनबाट देखिएको क्षती रू | स्विकृत भएको राहत रकम रू | कै |
|---|---|---|---|---|---|---|---|
| १ | आगालागी, घर पूर्ण क्षती | २०८२।०९।१८ | तेन्जीन वाङ्ग्याल लामा | चुमनुब्री ७ लेरू | रू ४,१०,४००.०० | रू १,००,०००.० (एक लाख मात्र) | |
| २ | आगालागी | २०८२।११।१२ | तेन्जिन लामा | चुमनुब्री ७ छुले | रू ८,९०,०००.०० | रू १,००,०००.० (एक लाख मात्र) | |
| ३ | आगालागी | २०८३।०१।०२ | तान्जेन लामा | चुमनुब्री ५ बिहि | रू ३,००,०००.०० | रू १,००,०००.० (एक लाख मात्र) | |
| ४ | आगालागी | २०८३।०१।०२ | सोनाम लामा | चुमनुब्री ५ बिहि | रू १,२०,०००.०० | रू ५०,०००.०० (पचास हजार मात्र) | |
| ३ | चुमनुब्री ३ पाती बस्ने कृष्ण गुरूङ भिरबाट खसि मृत्यु भएको हुँदा निजको बुवा सुक्पाल गुरूङको बैंक खातामा राहत रकम भुक्तानी दिने । | | | | | रू २,००,०००.० (दुई लाख मात्र) | |

४. चुमनुब्री गाउँपालिकाका कर्मचारीहरूका लागि अवकाश कोषको स्थापना र संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ मा भएको व्यवस्थालाई लागु गर्न चुमनुब्री गाउँपालिका अवकाश कोष सम्बन्धी कार्यविधि २०८३ स्विकृत गर्ने ।

५. चुमनुब्री गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी तथा व्यवस्थित बनाउनका लागि चुमनुब्री गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछाने र सहायक लेखा अधिकृत रविन मिश्रको संयुक्त दस्तखतमा तपसिलका खाता(कोष) स्थापना तथा सञ्चालन गर्न सरकारी कारोबार निर्देशिका २०७६ को परिच्छेद ४ बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालय गोरखामा लेखी पठाउने ।

तपसिल

| सि नं | खाता(कोष) को नाम | स्थापना तथा सञ्चालन सम्बन्धी कानुन/कार्यविधि | कै |
|---|---|---|---|
| १ | स्थानीय तह आकस्मिक कोष खाता ग-७.१ | चुमनुब्री गाउँपालिका,आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ | |
| २ | कर्मचारी कल्याण कोष खाता ग-५.१ | चुमनुब्री गाउँपालिका अवकाश कोष सम्बन्धी कार्यविधि २०८३ | |
| ३ | मर्मत सम्भार कोष खाता ग-५.१ | चुमनुब्री गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०७७ | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय, सिर्दिबास, गोरखा, गण्डकी प्रदेश, नेपाल

जिमा लामा
अध्यक्ष

६. चुमनुब्री गाउँपालिका अध्यक्ष श्री निमा लामालाई भिटामिन बी ३ को कमीले गर्दा नियमित रूपमा औषधी सेवन गरी राख्नु पर्ने हुँदा उहाँलाई उपचार खर्त बापत रू ६०,०००.०० उपलब्ध गराउने ।

७. चुमनुब्री गाउँपालिका वडा नं ७ स्थित रहेको श्री बुद्ध आधारभूत विद्यालयमा IEMIS प्रणालीमा अद्यावधिक तथ्यांक अनुसार संघीय सर्शत अनुदानबाट प्राप्त हुने हिमाली आवासिय छात्रावास कोटा अधिकतम २५ जना विद्यार्थीलाई पुग्ने रकम शैक्षिक सत्र २०८३ बाट निकासा दिने ।

८. चुमनुब्री गाउँपालिका अन्तर्गत तपसिलका योजना गण्डकी प्रदेश सरकारसँग आगामी आर्थिक वर्ष २०८३।८४ का लागि माग गर्ने ।

| सि नं | योजनाको नाम | स्थान | कै |
|---|---|---|---|
| १ | लार फुर्पे झो पु | चुमनुब्री ७ लार | |
| २ | नाङ्ग्यु खोला झो पु | चुमनुब्री ७ राजेन गुम्बा | |
| ३ | खाङसार खोला झो पु | चुमनुब्री ७ खाङसार | |
| ४ | रेन्जम दुम्चेत झो पु | चुमनुब्री ६ रेन्जम | |
| ५ | उङ्गिलुङ खोला झो पु | चुमनुब्री ६ चुम्चेत | |
| ६ | गन्दी खोला झो पु | चुमनुब्री ६ सर्दी | |
| ७ | बन्दुङ्ग धारकाङ झो पु | चुमनुब्री ५ बिहि | |
| ८ | प्रोक देखी छाक झो पु | चुमनुब्री ४ प्रोक | |
| ९ | छुलुङ खोला झो पु | चुमनुब्री ३ न्याक | |
| १० | सिर्दिवास पाती झो पु | चुमनुब्री ३ सिर्दिवास | |
| ११ | यवाङ खोला झो पु | चुमनुब्री ३ फिलिम | |
| १२ | फ्राक्पा सानो फिलिम झो पु | चुमनुब्री ३ सानो फिलिम | |
| १३ | संवार खोला झो पु | चुमनुब्री ३ पाती | |

९. चुमनुब्री गाउँपालिका वडा नं ७ छेकम्पारमा रहेको चिनसँगको सिमा स्तम्भ नं ४० र चुमनुब्री गाउँपालिका वडा नं ४ छाकमा रहेको चिनसँगको सिमा स्तम्भ नं ३७ फेला नपरेको र स्थानीयवासीहरूलाई सिमा सम्बन्धी वस्तुगत ज्ञान नभएको हुँदा सिमामा हुने क्रियाकलापले तनाब हुन सक्ने भएको हुँदा नेपाल सरकार गृह मन्त्रालयमा उक्त सिमा स्तम्भ खोजी तथा स्थापनाका लागि लेखी पठाउने ।

१०. चुमनुब्री गाउँपालिका वडा नं ७ स्थित रहेको छेकम्पार प्रहरी चौकीलाई नेपाल टेलिकम 4G राउटर खरिद गरी हस्तान्तरण गर्ने ।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष

११.सिर्दिवास-छेकम्पार-ङुईला भञ्ज्याङ मोटरबाटो निर्माणका लागि संघीय सरकारबाट आगामी आ व २०८३।८४ मा बजेट व्यवस्था गर्न अनुरोध गर्दै मोटरबाटो खण्ड कडा चट्टानबाट बनेको र सबै ट्र्याक ब्लाष्टिङ गरि निर्माण गर्नु पर्ने हुँदा उक्त मोटरबाटो को सर्भे तथा निर्माण कार्यको जिम्मेवारी नेपाली सेनालाई दिन विभिन्न संघीय निकायमा लेखी पठाउने ।

१२.चुमनुब्री गाउँपालिका वडा नं ६ र ७ चुमभ्याली प्रवेश गर्दा विदेशी पर्यटकले नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभागबाट स्पेशल परमिट लिनु पर्ने कारणले उक्त क्षेत्रमा पर्यटकको आवागमन निकै नै कम हुन गएको हुँदा चुमनुब्री गाउँपालिकालाई निषेधित क्षेत्रको सूचीबाट हटाउँदै उक्त स्पेशल परमिट लिने व्यवस्था हटाईदिन नेपाल सरकार गृह मन्त्रालयलाई लिखित रूपमा अनुरोध गर्ने ।

१३. चुमनुब्री गाउँपालिकामा दर्ता रहेको श्री सिर्दिवास उहिया साना जलविद्युत उपभोक्ता समितिले पब्लिक कम्पनी जान अनुमती माग गरिएको उक्त समितिको च नं २१, मिति २०८२।११।१० को पत्र र मिति २०८२।०९।०१ मा भएको साधारण सभाको निर्णय नं ३ र कादुरी एग्रिकल्चरल एड एशोसियसनले दिएको कएएए/ ७-३, मिति २०८२।१०।२८ को अनुमती पत्र बमोजिम नियमानुसार पब्लिक कम्पनीमा जान अनुमती दिने र सोको जानकारी समितिलाई लिखित रूपमा दिने ।

१४.चुमनुब्री गाउँपालिका भूउपयोग वर्गिकरण मापदण्ड २०८२ बमोजिम चुमनुब्री गाउँपालिका भित्रका जग्गाको वर्गिकरण गरिएको केही जग्गाको कित्ता अनुसार वर्गिकरण गरिएको प्रतिवेदनमा मापदण्ड भन्दा फरक जग्गा किसिम उल्लेख भई त्रुटी भएकोमा गाउँ कार्यपालिकाको कार्यालयले १५ दिने सूचना आह्वान गरी कित्ता र जग्गा किसिमको त्रुटी हटाई संशोधित प्रतिवेदन तयार गरी अर्को कार्यपालिका बैठकमा पेश गर्ने ।

१५. चुमनुब्री गाउँपालिका भित्र सडक मापदण्ड तथा अधिकार क्षेत्र तोक्ने लगायतका सडक सम्बन्धी कार्यको नियमन तथा सञ्चालन गर्न तपसिल बमोजिमको गाउँ सडक समन्वय समिति गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| अध्यक्ष | अध्यक्ष चुमनुब्री गाउँपालिका |
| सदस्य | उपाध्यक्ष चुमनुब्री गाउँपालिका |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत चुमनुब्री गाउँपालिका |
| सदस्यहरू | वडा अध्यक्ष सबै वडा चुमनुब्री गाउँपालिका |
| सदस्य | योजना शाखा प्रमुख चुमनुब्री गाउँपालिका |
| सदस्य सचिव | प्राविधिक शाखा प्रमुख, चुमनुब्री गाउँपालिका। |

१६.चुमनुब्री गाउँपालिका वडा नं ३ सल्लेरीमा रहेको गाउँपालिकाको लागतमा निर्माण भएको सामुदायिक भवन, टाईम्स ईनर्जी प्रा ली ले बुढिगण्डकी जलविद्युत निर्माण गर्दा सम्पुर्ण सल्लेरी क्षेत्र मुअब्जामा लिई सकेको हुँदा उक्त सामुदायिक भवनको प्राविधिक मुल्यांकन तथा बजार मूल्यको आधारमा कायम भएको मुअब्जा रकम टाईम्स ईनर्जी प्रा ली लाई भुक्तानी लागि लेखि पठाई प्राप्त गरी गाउँपालिका आन्तरिक राजश्व खातामा दाखिला गर्ने ।

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

निमा लामा
अध्यक्ष